नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सल्लेरी, सोलुखुम्बु

ण्घडछ्रद्दण्द्दण्ड

०३८५२०ज्ञघद्द-

वेव साइट

www.daosolukhumbu.moha.gov.np

Email:

daosolukhumbu@moha.gov.np

कोशी प्रदेश ,नेपाल


प.स.:-२०८३/०८४

च.नं.

## आवश्यक पूर्व सावधानी र पूर्व तयारी गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

नेपाल मौसम विज्ञान विभागको मिति २०८३ असोज ६ गते जारी भएको विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म कोशी प्रदेशमा पनि मेघगर्जन, चट्याङ, र हावाहुरी सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। वर्षाको कारण बाढी, पहिरो तथा गेग्रान बहाब बढ्न सक्ने खोला, नदीहरुमा पानीको सतह बढ्न सक्ने निर्माण कार्यहरु, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले जिल्लाबासी सर्वसाधारणहरु, स्थानीय सरकारहरु, सुरक्षा निकाय लगायतका सरकारी निकायहरु तथा अन्य सरोकारवालाहरुलाई देहाय बमोजिमका पूर्व सतर्कता एवम् पूर्व तयारी कार्यका लागि अनुरोध छ।

<u>देहाय:-</u>

**क) सर्वसाधारणका लागि:-**

- उक्त अवधिमा अत्यन्त जरुरी नभई लामो दुरीको यात्रा नगर्नुहुन।
- बाढी, पहिरोको जोखिम हुने वित्तिकै १२३४ वा १०० नम्बरमा सम्पर्क गरि जानकारी गराउनुहुन।
- नदी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरुले स्थानीय तहहरुसँग सम्पर्कमा रही सुरक्षित आश्रयस्थलमा सर्नुहुन।
- पहिरोको जोखिम रहेका स्थानहरुको वरिपरि नबस्नु हुन/नजानुहुन।
- अविरल भारी वर्षाका कारण विद्युत सेवा समेत अवरुद्ध हुन सक्ने भएकोले आवश्यक पूर्व तयारी गर्नुहुन।

**ख) यातायात व्यवसायीहरुका लागि:-**

- मौसम पूर्वानुमान बुझेर मात्र सवारी साधन सञ्चालन गर्नु/गराउनुहुन।
- अर्को सूचना जारी नभएसम्मका लागि जिल्लाका भित्री सडकहरुमा समेत बेलुका ६:०० बजेदेखि बिहान ६:०० बजेसम्म सवारी साधन सञ्चालन नगर्नु/नगराउनुहुन।
- नदी किनार तथा पहिरो जोखिम क्षेत्रहरुमा सवारी साधनहरु पार्किङ्ग नगर्नु/नगराउनुहुन।
- विपद् परेको समयमा उद्दारमा समेत परिचालन हुने गरी सवारी साधनहरु प्राविधिक रुपमा समेत दुरुस्त राखुहुन।

**ग) स्थानीय तहहरुका लागि:-**

- LEOC लाई २४ सै घण्टा पूर्ण रुपमा सञ्चालनमा राखि DEOC सँग नियमित सम्पर्कमा रहनुहुन।
- विद्यालयहरु खोल्ने वा बन्द गर्ने सम्बन्धमा मौसम र परिस्थितिको विश्लेषण गरि आवश्यक निर्णय गर्नुहुन।

२०८३।०६।०७

कमानसिं थापामगर
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सल्लेरी, सोलुखुम्बु

०३८५२०...
वेब साइट
www.daosolukhumbu.moha.gov.np
Email:
daosolukhumbu@moha.gov.np
कोशी प्रदेश ,नेपाल

प.स.:-२०८३/०८४
च.नं.

- बाढी पहिरोको जोखिममा रहेका बस्तीहरुमा आवश्यक पूर्व सतर्कताका लागि स्थानीय प्रहरीसंगको सहकार्यमा पूर्वसूचना प्रचार प्रसार गर्नुहुन र जोखिममा रहेका बस्तिहरु स्थानान्तरणका लागि आवश्यक तयारी गर्नुहुन।
- विपद् पूर्व तयारी तथा उद्धारका लागि आवश्यक यन्त्र उपकरण जनशक्ति तथा समाग्रीहरु तयारी अवस्थामा राख्नुहुन।
- आफु मातहतका कर्मचारीहरुलाई मनसून अवधिभर विदा नछोड्ने व्यवस्था मिलाउनुहुन।

**घ) सुरक्षा निकायहरु लगायतका कार्यालयहरुका लागिः-**

- पूर्व सतर्कता/पूर्व सावधानीका लागि आ-आफ्नो मातहतका Unit हरुमा भारी वर्षाको सम्भावना र आवश्यक तयारीका लागि कर्मचारीहरुमा औपचारीक जानकारी प्रवाह गर्नु/गराउनुहुन।
- जनशक्ति (कर्मचारी) तथा सवारी साधनहरु सूरक्षित र तयारी अबस्थामा राख्नुहुन।
- मिति २०८३ असोज १५ गतेसम्म कर्मचारीहरुको (विरामी, सुत्केरी र किरिया) बिदा बाहेक अन्य बिदा स्वीकृत नगर्नुहुन।
- विपद् व्यवस्थापनको क्षेत्रगत नेतृत्व गर्ने कार्यालयहरुले आ-आफ्नो कार्य क्षेत्रको पूर्व तयारी र समन्वय गर्नुहुन।
- विपद् पूर्व सूचना प्रवाह र सचेतनाका लागि सुरक्षाकर्मीहरुलाई परिचालन गर्नुहुन।
- विपद् उद्दार तथा राहतका लागि मेसिनरी औजार, उद्दार समाग्रीसहित पर्याप्त सुरक्षाकर्मीहरु २४ सै घण्टा तयारी अवस्थामा राख्नुहुन।

**ङ) अन्यका लागिः-**

- गैरसरकारी संघसंस्थाहरु DDMC वा जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष सम्पर्क र समन्वयमा रहेर पूर्वतयारीका कार्यहरु गर्नुहुन।
- उद्योग वाणिज्य संघ र रेडक्रस सोसाइटीले गैरखाद्य राहत सामग्रीहरुको व्यवस्था मिलाउनुहुन।
- सञ्चार माध्यमहरुले आवश्यक सचेतनाका लागि मौसम तथा विपद् सम्बन्धी पूर्व जानकारी सर्वसाधरणमा पुग्ने गरी प्रशारण गर्ने गराउने व्यवस्था मिलाउनुहुन।

मितिः- २०८३।०६।०७
ने.सं. ११४६, बुधबार

..................................
(कमानसिं थापामगर)
प्रमुख जिल्ला अधिकारी